# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ९] काठमाडौं, फागुन २० गते २०१६ साल [अतिरिक्ताङ्क २४

श्री ५ कोसरकार

### कानून मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको नेपाल स्वास्थ्य सेवा (गठन) नियम, २०१६ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ :

## नेपाल स्वास्थ्य सेवा (गठन) नियम, २०१६

नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ :

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम 'नेपाल स्वास्थ्य सेवा (गठन) नियम, २०१६' रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. सेवाको गठनः– (१) यी नियमहरू बमोजिम नेपाल स्वास्थ्य सेवा (यस पछि सेवा भनिएको) को गठन गरिने छ ।

(२) उपनियम (१) बमोजिम सेवाको गठन गर्दा कुनै व्यक्तिलाई सेवाको प्रथम, द्वितीय वा तृतीय श्रेणीमा नियुक्त गर्न सकिने छ ।



६८३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. सेवाको गठनमा छानिन सकिने व्यक्तिहरू:– यी नियमहरू प्रारम्भ हुँदा मुख्यतः श्री ५ को सरकारको निजामती पदमा बहाल रहेका तथा स्वास्थ्य सम्बन्धी तालीम तथा अनुभव हासिल गरेका सबै व्यक्तिहरू सेवाको गठनमा सेवामा नियुक्तिको निमित्त छानिन सक्नेछन्।

४. सेवामा नियुक्तिः यी नियमहरू बमोजिम सेवामा नियुक्त हुन सक्ने प्रत्येक व्यक्तिको शैक्षिक योग्यता, अनुभव र कामको रेकर्ड हेरी आवश्यक ठानेमा अन्तरवार्ता समेत गरी कुनै व्यक्ति सेवाको कुन श्रेणीमा नियुक्त हुन योग्य छ र सो कुराको ठहर गरी श्री ५ को सरकारले नियुक्ति गर्न सक्नेछ र सो नियुक्तिको सूचना नेपाल गजेटमा प्रकाशित भए पछि नेपाल स्वास्थ्य सेवा गठन भएको संझिनेछ।

५. सिनियरिटीः सेवामा भर्ना भएका व्यक्तिहरूको परस्परको सिनियरिटी, निजको शैक्षिक योग्यता र नोकरीको अवधिको आधारमा समेत श्री ५ को सरकारले निर्धारित गरे बमोजिम हुनेछ।

६. परीक्षण कालः यी नियमहरू बमोजिम सेवामा नियुक्त गरिएका व्यक्तिहरू एक वर्षको परीक्षण कालमा राखिने छन् र सो अवधिभित्र निजको काम सन्तोषजनक नभएमा सेवाबाट हटाइन सकिने छन्।

आज्ञाले–
कृष्णप्रसाद उपाध्याय,
श्री ५ को सरकारका का. मु. सचिव,
कानून मन्त्रालय।

श्री ५ को सरकार

## कानून मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको नेपाल वन सेवा ( गठन ) नियम, २०१६ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ :–

## नेपाल वन सेवा (गठन) नियम, २०१६

नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम 'नेपाल वन सेवा ( गठन ) नियम, २०१६' रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. सेवाको गठनः (१) यी नियमहरू बमोजिम नेपाल वन सेवा (गठन) (यसपछि सेवा भनिएको) को गठन गरिने छ।

५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-नियम (१) बमोजिम सेवाको गठन गर्दा कुनै व्यक्तिलाई सेवाको प्रथम, द्वितीय वा तृतीय श्रेणीमा नियुक्त गर्न सकिनेछ ।

३. सेवाको गठनमा छानिन सकिने व्यक्तिहरू: यी नियमहरू प्रारम्भ हुँदा मुख्यतः श्री ५ को सरकारको निजामती पदमा बहाल रहेका तथा वन सम्बन्धी तालीम तथा अनुभव हासिल गरेका सबै व्यक्तिहरू सेवाको गठनमा सेवामा नियुक्तिको निमित्त छानिन सक्नेछन्।

४. सेवामा नियुक्तिः यी नियमहरू बमोजिम सेवामा नियुक्त हुन सक्ने प्रत्येक व्यक्तिको शैक्षिक योग्यता, अनुभव र कामको रेकर्ड हेरी आवश्यक ठानेमा अन्तरवार्तासमेत गरी कुन व्यक्ति सेवाको कुन श्रेणीमा नियुक्त हुन योग्य छ सो कुराको ठहर गरी श्री ५ को सरकारले नियुक्ति गर्न सक्नेछ र सो नियुक्तिको सूचना नेपाल गजेटमा प्रकाशित भएपछि नेपाल वन सेवा गठन भएको संझिनेछ ।

५. सिनियरिटी: सेवामा भर्ना भएका व्यक्तिहरूको परस्परको सिनियरिटी, निजको शैक्षिक योग्यता र नोकरीको अवधिको आधारमासमेत श्री ५ को सरकारले निर्धारित गरेबमोजिम हुनेछ ।

६. परीक्षण कालः यी नियमहरू बमोजिम सेवामा नियुक्त गरिएका व्यक्तिहरू एक वर्षको परीक्षण कालमा राखिनेछन् र सो अवधिभित्र निजको काम सन्तोषजनक नभएमा सेवा-बाट हटाइन सकिने छ ।

आज्ञाले–
कृष्णप्रसाद उपाध्याय,
श्री ५ को सरकारका का. मु. सचिव,
कानून मन्त्रालय ।

श्री ५ को सरकार

## कानून मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको नेपाल इञ्जिनीयरिङ्ग सेवा (गठन) नियम २०१६ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ :–

# नेपाल इन्जीनियरिङ्ग सेवा (गठन) नियम, २०१६

नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम 'नेपाल इञ्जिनीयरिङ्ग सेवा (गठन) नियम, २०१६' रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. सेवाको गठनः (१) यी नियमहरू बमोजिम नेपाल इञ्जिनीयरिङ सेवा ( यसपछि सेवा भनिएको) को गठन गरिने छ ।

(२) उप-नियम (१) बमोजिम सेवाको गठन गर्दा कुनै व्यक्तिलाई सेवाको प्रथम, द्वितीय वा तृतीय श्रेणीमा नियुक्त गर्न सकिनेछ ।

३. सेवाको गठनमा छानिन सकिने व्यक्तिहरूः यी नियमहरू प्रारम्भ हुँदा मुख्यतः श्री ५ को सरकारको निजामती पदमा बहाल रहेका तथा इञ्जिनीयरिङ्ग सम्बन्धी तालीम तथा अनुभव हासिल गरेका सबै व्यक्तिहरू सेवाको गठनमा सेवामा नियुक्तिको निमित्त छानिन सक्नेछन् ।

४. सेवामा नियुक्तिः यी नियमहरू बमोजिम सेवामा नियुक्त हुन सक्ने प्रत्येक व्यक्तिको शैक्षिक योग्यता, अनुभव र कामको रेकर्ड हेरी आवश्यक ठानेमा अन्तरवार्ता समेत गरी कुन व्यक्ति सेवाको कुन श्रेणीमा नियुक्त हुन योग्य छ सो कुराको ठहर गरी श्री ५ को सरकारले नियुक्ति गर्न सक्नेछ र सो नियुक्तिको सूचना नेपाल गजेटमा प्रकाशित भएपछि नेपाल इञ्जिनीयरिङ्ग सेवा गठन भएको संझिनेछ ।

५. सिनियरिटीः सेवामा भर्ना भएका व्यक्तिहरूको परस्परको सिनियरिटी, निजको शैक्षिक योग्यता र नोकरीको अवधिको आधारमा समेत श्री ५ को सरकारले निर्धारित गरे बमोजिम हुनेछ ।

६. परीक्षण कालः यी नियमहरू बमोजिम सेवामा नियुक्त गरिएका व्यक्तिहरू एक बर्षको परीक्षण कालमा राखिनेछन् र सो अवधि भित्र निजको काम सन्तोषजनक नभएमा सेवा-बाट हटाइन सकिनेछन् ।

आज्ञाले—
कृष्णप्रसाद उपाध्याय,
श्री ५ को सरकारका का. मु. सचिव,
कानून मन्त्रालय ।

श्री ५ को सरकार

## कानून मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको नेपाल विविध सेवा (गठन) नियम, २०१६ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## नेपाल विविध सेवा (गठन) नियम, २०१६

नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारंभः (१) यी नियमहरूको नाम 'नेपाल विविध सेवा (गठन) नियम, २०१६' रहेकोछ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. सेवाको गठनः (१) यी नियमहरू बमोजिम नेपाल विविध सेवा (यसपछि सेवा भनिएको) को गठन गरिने छ ।

(२) उप-नियम (१) बमोजिम सेवाको गठन गर्दा कुनै व्यक्तिलाई सेवाको प्रथम, द्वितीय वा तृतीय श्रेणीमा नियुक्त गर्न सकिनेछ ।

३. सेवाको गठनमा छानिन सकिने व्यक्तिहरूः यी नियमहरू प्रारंभ हुँदा मुख्यतः श्री ५ को सरकारको निजामती पदमा बहाल रहेका तथा वैज्ञानिक सम्बन्धी तालीम तथा अनुभव हासिल गरेका सबै व्यक्तिहरू सेवाको गठनमा सेवामा नियुक्तिको निमित्त छानिन सक्नेछन् ।

४. सेवामा नियुक्तिः यी नियमहरू बमोजिम सेवामा नियुक्त हुन सक्ने प्रत्येक व्यक्तिको शैक्षिक योग्यता, अनुभव र कामको रेकर्ड हेरी आवश्यक ठानेमा अन्तरवार्तासमेत गरी कुन व्यक्ति सेवाको कुन श्रेणीमा नियुक्त हुन योग्य छ सो कुराको ठहर गरी श्री ५ को सरकारले नियुक्ति गर्न सक्नेछ र सो नियुक्तिको सूचना नेपाल गजेटमा प्रकाशित भएपछि नेपाल विविध सेवा गठन भएको संझिनेछ ।

५. सिनियरिटीः सेवामा भर्ना भयेका व्यक्तिहरूको परस्परको सिनियरिटी, निजको शैक्षिक योग्यता र नोकरीको अवधिको आधारमासमेत श्री ५ को सरकारले निर्धारित गरे बमोजिम हुनेछ ।

६. परीक्षण कालः यी नियमहरू बमोजिम सेवामा नियुक्त गरिएका व्यक्तिहरू एक वर्षको परीक्षण कालमा राखिने छन् र सो अवधिभित्र निजको काम सन्तोषजनक नभएमा सेवा-बाट हटाइन सकिने छन् ।

आज्ञाले–
कृष्णप्रसाद उपाध्याय,
श्री ५ को सरकारका का. मु. सचिव,
कानून मन्त्रालय ।

६८६

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको नेपाल कृषि सेवा (गठन) नियम, २०१६ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ :

## नेपाल कृषि सेवा (गठन) नियम, २०१६

नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ:

१. संक्षिप्त नाम र प्रारंभ: (१) यी नियमहरूको नाम 'नेपाल कृषि सेवा (गठन) नियम, २०१६' रहेकोछ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. सेवाको गठन: (१) यी नियमहरू बमोजिम नेपाल कृषि सेवा (यसपछि सेवा भनिएको) को गठन गरिनेछ ।

(२) उप-नियम (१) बमोजिम सेवाको गठन गर्दा कुनै व्यक्तिलाई सेवाको प्रथम, द्वितीय वा तृतीय श्रेणीमा नियुक्त गर्न सकिनेछ ।

३. सेवाको गठनमा छानिन सकिने व्यक्तिहरू: यी नियमहरू प्रारम्भ हुँदा मुख्यतः श्री ५ को सरकारको निजामती पदमा बहाल रहेका तथा कृषि सम्बन्धी तालीम तथा अनुभव हासिल गरेका सबै व्यक्तिहरू सेवाको गठनमा सेवामा नियुक्तिको निमित्त छानिन सक्नेछन् ।

४. सेवामा नियुक्ति: यी नियमहरू बमोजिम सेवामा नियुक्त हुन सक्ने प्रत्येक व्यक्तिको शैक्षिक योग्यता, अनुभव र कामको रेकर्ड हेरी आवश्यक ठानेमा अन्तरवार्तासमेत गरी कुन व्यक्ति सेवाको कुन श्रेणीमा नियुक्त हुन योग्य छ सो कुराको ठहर गरी श्री ५ को सरकारले नियुक्त गर्न सक्नेछ र सो नियुक्तिको सूचना नेपाल गजेटमा प्रकाशित भएपछि नेपाल कृषि सेवा गठन भएको संझिनेछ ।

५. सिनियरिटी: सेवामा भर्ना भएका व्यक्तिहरूको परस्परको सिनियरिटी, निजको शैक्षिक योग्यता र नोकरीको अवधिको आधारमासमेत श्री ५ को सरकारले निर्धारित गरे बमोजिम हुनेछ ।

६. परीक्षण काल: यी नियमहरू बमोजिम सेवामा नियुक्त गरिएका व्यक्तिहरू एक वर्षको परीक्षण कालमा राखिने छन् र सो अवधिभित्र निजको काम सन्तोषजनक नभएमा सेवाबाट हटाइन सकिनेछन् ।

आज्ञाले—
कृष्णप्रसाद उपाध्याय,
श्री ५ को सरकारका का. मु. सचिव,
कानून मन्त्रालय ।

६८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको नेपाल शिक्षा सेवा (गठन) नियम, २०१६ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएकोछ।

# नेपाल शिक्षा सेवा (गठन) नियम, २०१६

नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम 'नेपाल शिक्षा सेवा (गठन) नियम, २०१६' रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. सेवाको गठनः (१) यी नियमहरू बमोजिम नेपाल शिक्षा सेवा (यसपछि सेवा भनिएको) को गठन गरिनेछ।

(२) उप-नियम (१) बमोजिम सेवाको गठन गर्दा कुनै व्यक्तिलाई सेवाको प्रथम, द्वितीय वा तृतीय श्रेणीमा नियुक्त गर्न सकिनेछ।

३. सेवाको गठनमा छानिन सकिने व्यक्तिहरुः यी नियमहरू प्रारम्भ हुँदा मुख्यतः श्री ५ को सरकारको निजामती पदमा बहाल रहेका तथा शिक्षा सम्बन्धी शिक्षा हासिल गरेका सबै व्यक्तिहरू सेवाको गठनमा सेवामा नियुक्तिको निमित्त छानिन सक्नेछन्।

४. सेवामा नियुक्ति गर्नेः यी नियमहरू बमोजिम सेवामा नियुक्त हुन सक्ने प्रत्येक व्यक्तिको शैक्षिक योग्यता, अनुभव र कामको रेकर्ड हेरी आवश्यक ठानेमा अन्तरवार्ता समेत गरी कुन व्यक्ति सेवाको कुन श्रेणीमा नियुक्त हुन योग्य छ सो कुराको ठहर गरी श्री ५ को सरकारले नियुक्ति गर्न सक्नेछ र सो नियुक्तिको सूचना नेपाल गजेटमा प्रकाशित भएपछि नेपाल शिक्षा सेवा गठन भएको संझिनेछ।

५. सिनियरिटीः सेवामा भर्ना भएका व्यक्तिहरूको परस्परको सिनियरिटी, निजको शैक्षिक योग्यता र नोकरीको अवधिको आधारमासमेत श्री ५ को सरकारले निर्धारित गरे बमोजिम हुनेछ।

६. परीक्षण कालः यी नियमहरू बमोजिम सेवामा नियुक्त गरिएका व्यक्तिहरू एक वर्षको परीक्षण कालमा राखिने छन् र सो अवधिभित्र निजको काम सन्तोषजनक नभएमा सेवाबाट हटाइन सकिने छन्।

आज्ञाले–

कृष्णप्रसाद उपाध्याय,

श्री ५ को सरकारका का. मु. सचिव,

कानून मन्त्रालय।

---

गोरखापत्र छापाखानामा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६५०

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।